जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १८७ २०७६ साल फागुन १२ गते सोमबार (24 Feb. 2020 Monday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बावु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : अख्तियार र चिया ... २ पृष्ठमा : बालविवाहविरुद्ध ... ३ पृष्ठमा : दक्षिण कोरियाका कोरोनाफैलिने क्रम तीब्र, ...

# जनस्वास्थ्यमा असर पर्ने गरि कार्बनको प्रयोग गरेका इट्टा उद्योग कारवाहीमा

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सप्तरीका केही इट्टा उद्योगहरुले जनस्वास्थ्यमा गम्भीर असर पुऱ्याउने कार्बनको प्रयोग गरि इट्टा उत्पादन गर्ने गरेको खुलासा भएको छ ।

शनिवार साँझ इट्टा उद्योगहरुको इट्टा व्यवसायी संघ, जिल्ला प्रहरी कार्यालय तथा सरोकारबाला निकायका प्रतिनिधिहरुको संयुक्त अनुगमन टोलीले अनुगमन गर्दा यस्तो खुलासा भएको हो ।



अनुगमनका क्रममा सप्तरीको डाक्नेश्वरी नगरपालिकास्थित न्यु नेपाल इट्टा उद्योगबाट कार्बन बोकेको दुई वटा ट्र्याक्टर नियन्त्रणमा लिई कार्वाहीका लागि प्रहरीमा समेत बुझाईएको छ ।

इट्टा व्यवसासी संघका अध्यक्ष दुर्गानन्द साहको नेतृत्वमा खटिएको टोलीले कोईला र दाउराको साटो अत्यधिक मात्रामा कार्बनको प्रयोग गरि इट्टा उत्पादन गरिरहेको फेला पारेपछि इट्टा उद्योग परिसरमा कार्बन बोकेको स.१त. २२९४ र स.१त. ३५३० नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिई कार्वाहीका लागि इलाका प्रहरी कार्यालय कल्याणपुर सप्तरीमा बुझाएको छ ।

कार्बनको अत्यधिक प्रयोग गरि इट्टा उत्पादन गरिरहेको गुनासोको आधारमा इट्टा पकाईरहेको बेला शनिबारराती १० बजेतिर खटिएको अनुगमन टोलीले कोईला र दाउराको साटो अत्यधिक मात्रामा कार्बनको प्रयोग गरि इट्टा उत्पादन गरिरहेको पाईएपछि कार्बन बोकेको ट्र्याक्टर नियन्त्रणमा लिएर कार्वाहीका लागि प्रहरीमा बुझाएको अध्यक्ष साहले जानकारी दिए ।

इट्टा उद्योगले प्रयोग गर्ने गरेको कार्बनले मानव स्वास्थ्यमा गम्भीर असर पार्नुको साथै त्यसक्षेत्रको वातावरणमा समेत प्रतिकुल असर पर्ने खतरा रहेकोले कार्बन प्रयोगलाई निरुत्साहित गर्न अनुगमन शुरु गरिएको उनको भनाई छ ।

# महिला सहकर्मीलाई जबरजस्तिकरणी गर्ने अहेब पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, ११ फागुन ।**

रौतहटको मौलापुर नगरपालिका ५ घरभई गरुडा ४ स्थित अर्चना पोलीक्लिनिक एवं रिसर्च सेन्टर सञ्चालन गर्दै आएका ३५ बर्षिय श्यामशुन्दर पटेललाई जबरजस्ती करणीको आरोपमा प्रहरीले पक्राउ गरेको हो ।

आफ्नै क्लिनिककी महिला सहकर्मीलाई जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले अहेब समेत रहेका पटेललाई पक्राउ गरेको हो ।

पीडित महिलाको जाहेरीको आधारमा अहेव पटेलमाथी जबरजस्तीकरणी सम्बन्धी मुद्धा दर्ता गरी जिल्ला अदालत गौरबाट ५ दिनको म्याद थप गरी अनुसन्धान भईरहेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ । यता पीडित महिला र आरोपी पटेलको जिल्ला अस्पताल गौरमा स्वास्थ परिक्षण समेत गरिएको छ ।

पछिलो दुईबर्षदेखी गरुडास्थित पोलीक्लिनिक सञ्चालन गरेका आरोपी पटेलमा काम गर्दैजाँदा बिवाह गर्ने प्रलोभन देखाएर आफुलाई पटक-पटक यौनशोषण गरेको पीडितको भनाई छ ।

पटेलले करणी गरेकाले तीन महिनाको गर्भवती रहेको चौधरी थरकी पीडितले बताएकी छिन् । उनले यसअघि एकबर्ष पहिले पनि पटेलकै गर्भ बसेको र बिभिन्न डरत्रास देखाएर औषधीबाट गर्भ तुहाउन लगाएको दुखेसो पोखिन् ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09

# कटुवा पेस्तोल र गोलीसहित एक पक्राउ


**दैनिक समाचारदाता**
**रौतहट, ११ फागुन ।**

रौतहटको बौधीमाई नगरपालिका ९ सरमुजवाबाट एक यूवकलाई प्रहरीले हतियारसहित पक्राउ गरेको छ ।

सोही नगरपालिका ८ बस्ने २५ वर्षीय नवल किशोर मुखियालाई प्रहरीले कटुवा पेस्तोल एक थान र गोली १ राउण्ड सहित शुक्रबार राति पक्राउ गरेको जनाएको छ ।

मोटरसाइकल चोरी गरेको शंकामा स्थानीयले मुखियालाई नियन्त्रणमा लिएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बंकुलबाट खटिएको प्रहरीले मुखियाले प्रयोग गरेको बा.६ प २९११ नम्बरको मोटरसाइकलको सिटमुनी उक्त पेस्तोल र गोली फेला पारेको प्रहरीले जनाएको छ ।

यता यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

# गुणस्तरीय शिक्षा घट्दै

अहिले विद्यालय खुल्ने होडबाजी चल्दै रहेको अवस्थामा गुणस्तरीय शिक्षा भने हराउँदै गएको छ । सप्तरीमा विद्यालयहरु खुल्ने संख्या दिनप्रति दिन बृद्धि भएपनि गुणस्तर शिक्षामा ध्यान दिएको देखिदैन् । यसरी विद्यालय खुल्ने भए पनि गुणस्तरिय शिक्षा भने खस्किदै गएको छ । गुणस्तरिय शिक्षाका लागि सम्बन्धीत निकायले चासो नदेखाएर मात्र आवद्धता दिएको देखिन्छ । त्यस्ता कार्यलाई निरुत्साहित पार्न ऐन, कानुन निर्माण भएपनि कार्यान्वयन पक्ष भने फितलो रहेको छ ।

यता सरकारले सामुदायिक विद्यालयमा सरकारले निकै लगानी गरेको पाइन्छ । तर सामुदायिक विद्यालयको अवस्थामा खासै सुधार भएको पाइन्न् । शिक्षामा लगानी गरिए पनि गुणस्तरमा बृद्धि नहुनुले यसमा गरिएको लगानी बालुवामा पानी हाले जस्तै भएको छ ।

यस्तै जिल्लामा स्विकृत लिएका विद्यालयको अवस्था नाजुक नै रहेको छ भने स्विकृत नलिएका विद्यालयहरुको अवस्था भने हालसम्म मौन नै रहेको छ । तसर्थ जिल्लामा शिक्षाको गुणस्तर सुधार्न सम्बन्धीत निकाय गम्भिर हुनु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# अख्तियार र चिया पसलको गफ



**अमरनाथ मण्डल**

भ्रष्टाचारको अन्त्य, सुशासनको कायम गर्नु राज्यको जिम्मेवार निकायहरुको प्रमुख दायित्व र कर्तव्यको बीचमा अहिलेको परिस्थितिमा बहुमतीय नेकपाको सरकार तथा अन्य षड्यन्त्रहरु भ्रष्टाचारको चपेटमा दिन प्रतिदिन परिरहेको यर्थाथ सत्यलाई स्वीकार गर्नुपर्ने अवस्था देखिन्छ । वर्तमान परिस्थितिमा अहिले कुनै पनि राजनीतिक गफको, विकासीय गफको तथा सामाजिक गफको परिवेश चल्दा चिया पसलहरुमा चर्चाको केन्द्र विन्दु बनेका प्रधानमन्त्रीका विश्वासनीय पात्र सुचना मन्त्री कोकुल बास्कोटा भर्खरै विवादितमा परी राजीनामा प्रधानमन्त्री समक्ष दिएको र सो राजीनामा स्वीकृत भएको सन्दर्भ लिएर प्रधानमन्त्रीको विश्वास पत्र नै भ्रष्टाचार जस्तो परिवृतिसँग गाँसिएको कारण चर्चाको शिखर चिया पसल, पान पसलहरुमा जनमानसहरुले बहसको रुपमा नै चलाई रहेको देखिन्छ ।

कुनै पनि सरकारको प्रमुख दायित्व देशबाट भ्रष्टाचार न्यूनीकरण गर्नु तथा सुशासनको अवस्थाको सिर्जना गर्नु सन्दर्भमा नेपालमा प्रजातन्त्र स्थापना काल देखि नै देशका जिम्मेवार नेताहरु मध्येमा धेरै जसो नेताहरु भ्रष्टाचार गरी कानुनको काठघरामा पुगेका छन् भने कतिपयले राज्य शक्तिको दुरुपयोग गरी राजनैतिक पहुँचको आधार मानी शक्तिहरुको परिचालन गरी शक्ति केन्द्रबाट नै भ्रष्टाचारको अपराधमा परेकोहरु मुक्ति पाई रमाउने गरेका छन् ।

वर्तमान परिवेशमा बलुवाटार जग्गा प्रकरण तथा प्रेस खरिद प्रकरण जस्ता सवालहरुमा नेपाली काँग्रेसका उपसभापति रहेका विजय गच्छदार र प्रधानमन्त्रीका विश्वासिलो पात्र बास्कोटाको भ्रष्टाचारको शंकाको घेरामा रहेका सवालहरुले गर्दा प्रधानमन्त्री स्वयं भ्रष्टाचारको सिलसिलामा आफू पनि पर्ने शंका र उपशंकाहरु चिया पसलमा जोरदार रुपमा उठिरहेका छन् । देशका अनेकौं भौतिक पूर्वाधारहरुको निर्माणको क्रममा भईरहेका र भएका भ्रष्टाचारहरुको सक्रिय छानविन र तदरुपता नदेखाएको सवालहरु पनि अहिले राज्यको एक मात्र कानुनी अवधारणा सहित बोकेका अख्तियार दुरुपयोग अनुसंधान आयोग दिन प्रतिदिन निरिह बन्दै गईरहेका छन् ।

सप्तरी सदरमुकाम राजविराजको समन्वय समितिमा अखितयारका पदाधिकारीहरुले विभिन्न कार्यालय प्रमुख तथा नगरका प्रमुख गाउँपालिकाका अध्यक्षहरुलाई बोलाई गरेका छलफलहरु मात्रले सप्तरीको विभिन्न किसिमका निर्माण कार्यहरुमा अनियमितता भएको शंका र उपशंकाको घेरामा छलफलबाट मात्रै समाधानको निकाश खोज्ने प्रयास अख्तियारको सार्थक सिद्ध नहुने विश्वास बुद्धिजिवीहरु गर्न थालेका छन् । अखितयारको सक्रियता र स्थानीय प्रशासनको सक्रियता बिना भ्रष्टाचार अपराधको न्यूनीकरण नहुने विश्वासको साथ अखितयारले अझै जनशक्ति परिचालन गरी जनताको पैसालाई दुरुपयोग हुनुबाट बचाउनु पर्ने अवस्था देखिन्छ ।

नेपालमा एक मात्र भ्रष्टाचार निवारण गर्ने संस्थाको रुपमा सक्रिय सहभागिता देखाईरहेको अख्तियार राजनीतिक परिधि भित्र नरही साताको आडमा साताधारीहरुलाई बचाउने चलखेल नगरी स्वच्छ र पादर्शिता रुपमा आफ्नो सक्रियतालाई बढाउनुपर्ने अवस्था देखिन्छ । अहिले देशका मन्त्री स्तर देखि राष्ट्रिय स्तरसम्मका नेताहरु भ्रष्टाचारमा विवादित रहेका सन्दर्भमा उनीहरु माथि आवश्यक छानविन गरी तदरुपता साथ कसैको दवावमा नआई भ्रष्टाचारको अवस्थालाई न्यूनीकरण गर्नको लागि शक्ति केन्द्रहरुलाई निरुत्साहित गर्नुपर्ने सिर्जना गर्नुपर्छ । केही दिन पूर्व विजय गच्छदार माथि गरिरहेका कारवाही अख्तियारकोमा विवादित अख्तियार रहेको सन्दर्भहरु व्यापक रुपमा उठिरहेको बेला नेपाली काँग्रेसले सडक देखि सदनसम्म आन्दोलनको क्रम अगाडी बढाएका थिए । त्यस बेला अख्तियार माथि पनि दोषारोपणको शब्दहरु पनि परिचालित भएको देखिन्थ्यो । नेकपाका सदस्यहरुलाई नेताहरुलाई कारवाहीको दायरामा नल्याएको भन्दै सवालहरु पनि उठेका थिए । तर यी सवालहरुको बीचमा अख्तियारलाई निष्पक्ष र स्वतन्त्र रुपमा जनताको भावना अनुसार इतिहासिक आफ्नो छापलाई सक्रियताको रुपमा अझै देशको हितको सन्दर्भमा अगाडी बढ्नुपर्ने अवस्था देखिन्छ ।

अखितयार सरकारको मातहतमा रहेकोले केही दिन पूर्व देखि अख्तियारलाई विशेष अधिकार दिई सरकारमा रहेका जुनसुकै ओहदामा बसेका व्यक्तिहरुलाई कारवाही गर्नुपर्ने शक्तिको अवधारणा शुरु अख्तियारलाई सर्वशक्तिमान बनाउनुपर्ने सवालहरु पनि उठिरहेका छन् । नेपाल प्रजातान्त्रिक देशको गणतान्त्रिक अभ्यासमा हुर्किरहेका सन्दर्भमा भ्रष्टाचार देशको लागि ठूलो शत्रुको रुपमा सार्थक सिद्ध हुने देखिन्छ । अहिले देशमा तीन सरकार रहेको स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारको बजेट विनियोजित गरे देखि नै बजेटको कार्यान्वयनसम्म भएका कार्यहरुको अनुगमन, निरीक्षणमा थप जनशक्तिहरु पठाई प्राविधिक टोलीहरुको साथमा लिई स्थलगत रुपमा निरीक्षण गर्नुपर्ने अवस्था देखिन्छ ।

जनताको मनोभावना र जनइच्छा अनुरुप देशको सार्वजनिक पद धारण गरेका जुनसुकै व्यक्तिले देशका आर्थिक क्षमतालाई ह्रास पार्ने काम भ्रष्टाचार मार्फत गर्ने व्यक्तिलाई कारवाहीको काठघारामा खडा गर्नुपर्ने अख्तियारको प्रमुख दायित्व र कर्तव्य रहेको सन्दर्भमा सप्तरीमा अख्तियारको टोलीहरु सक्रिय रुपमा परिचालन भईरहेको सन्दर्भ लिएर अषाढ मसान्तको बेला हतारमा सम्पन्न गरेको योजना तथा विकासीय कार्यहरुको निरीक्षण, अनुगमन गर्ने अवस्थाको सिर्जना अहिले रहेकोमा वर्तमान सन्दर्भलाई अखितयारले पनि सक्रियताको साथ जनताको मनोभावना बुझ्नुपर्ने अवस्था देखिन्छ । नत्र अख्तियारले केही गर्दैन, कारवाही हुँदैन ? अख्तियार पनि विवादित रहेको सवालहरु चिया पसलहरुमा भईरहेको गफ गाफको सन्दर्भहरु पनि सत्यताको परिधि भित्र पर्नेछ भने बेर लाग्ने छैन ।

# बालविवाहविरुद्ध प्रहरी अभियान

**राजु विश्वकर्मा**
लहान, ११ फागुन (रासस) ।

सिरहाको औरही गाउँपालिका-५ निवासी रामसेवक दासको घरमा आउने जन्तीलाई हिजो साँझ भव्य स्वागत गर्ने तयारी हुँदै थियो, घरका मानिसहरु कोही टेण्ट लगाउनमा व्यस्त थिए भने कोही पाहुनाको स्वागतमा जुटेका थिए ।

त्यो उत्साहको माहौल एकैछिनमा शान्त बन्यो, जब प्रहरी टोली त्यहाँ पुग्यो । बेहुला बेहुलीको विवाह गर्ने उमेर २० वर्ष नपुगेको भन्दै जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलीले बेहुलीको घरमा पुगेर विवाह रोकाएपछि वैवाहिक माहौल एकैछिनमा शान्त बन्न पुग्यो ।

दासको १७ वर्षीया छोरी पूजाको फागुन ९ गतेको रात्रि लगनमा धनुषाको शहीदनगर नगरपालिकाको यदुकुहा निवासी शिवशङ्कर दासको १८ वर्षीय छोरा जीतकुमार दाससँग तय भएको थियो । बालविवाह हुन लागेको स्थानीयवासीबाट सूचना पाएपछि खटिएको प्रहरी टोलीले केटा र केटीको उमेर २० वर्ष नपुगी विवाह गर्नु हुन्न, त्यस्तो विवाह कानूनीरुपमा स्वतःबदर हुन्छ र कानूनीरुपमा दण्डितसमेत हुने कुरा जानकारी गराउँदै विवाह रोकाएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायव उपरिक्षक बिनोद घिमिरेले बताउनुभयो ।

यसअघि गत माघ २७ गते इलाका प्रहरी कार्यालय मिर्चैयाले सिरहाको कर्जन्हा नरपालिका-६ वेतहाका रिझन मुखियाकी १५ वर्षीया छोरी रन्जुको हुन लागेको विवाह पनि रोकेको थियो । रन्जुको विवाह पनि धनुषाको शहीदनगर नगरपालिकाको यदुकुहाका अजय मुखियासँग हुन लागेको थियो ।

त्यही दिन अर्थात् माघ २७ गते नै विवाहका तयारी भइरहेको सिरहाको मिर्चैया नगरपालिका-१ का श्रीराम कापरको छोरी सङ्गीता कापरको विवाहलाई रोकेको सिरहा प्रहरीले त्यही दिन सिरहाको कल्याणपुर नगरपालिका-१ का राम नरेश माझीको छोरी गनिता माझीको विवाहसमेत रोकेका थिए ।

पूजा, रञ्जु र सङ्गीता मात्र होइन्, सिरहामा हुन लागेको बालविवाह रोकाउन प्रहरीले अभियान नै चलाएको छ । प्रहरीले बालविवाह रोकाउँदा कतिपय अभिभावकले त्यसलाई सहजरुपमै लिने गरिएपनि अधिकांशले निराश र चिन्ता नै व्यक्त गर्ने गरेका छन् । "राम्रो केटा र घर हेरे छोरीलाई विवाह तय गरेको थिए", औरही गाउँपालिका-५ का रामसेवक दासले भन्नुभयो, "घरमा पाहुना आइसकेको र जन्तीको स्वागतका लागि नास्ता र खाना पकाइसकेको अवस्थामा प्रहरीले एक्कासी आएर विवाह रोकाएपछि हामी समस्यामा परेका छौं ।" कानूनी कुराको ज्ञान नभएकाले ठुलो रकम खर्चिएर विवाहको तयारी गरे, अन्तिममा जन्ती आउनै लागेका बेला विवाह रोकिएकाले आफूहरु अप्ठयारोमा परेको रामसेवकको भनाइ थियो ।

"बालविवाह बारे समयमै ज्ञान भएको भए छोरीको विवाह २० वर्ष नपूगी गर्ने थिएनौं", रामसेवकले भन्नुभयो, "विवाहको तयारी अन्तिम चरणमा पुगेका बेला रोकिँदा साहुसँग लिएको ऋण खर्च भइसक्यो, विवाह पनि भएन् ।"

रञ्जुकी आमा सुनितादेवी मुखियाले आफूलाई छोरीको विवाह गर्न २० वर्ष पुग्नैपर्छ भन्ने विषयमा जानकारी नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीलाई विवाहको लागि २० वर्ष पुग्नुपर्छ भन्ने थाहा थिएन, राम्रो घर पाएको र दहेजपनि नलिने भएपछि छोरीको विवाह गर्न लागेका थियौं ।"

रामसेवक र सुनिताले भने जस्तै कतिपय अभिभावकमा बालविवाह कानूनी अपराध हो, त्यो बालविवाह गरिए कानूनी दण्ड र सजाय भोग्नुपर्छ भन्ने कुराको ज्ञान नभएकाले छोरा छोरीको उमेर नपुग्नै विवाह गराइरहेका छन् भने कतिपयले कानूनी कुरा बुझेर पनि दाइजोको लोभ, राम्रो केटा र घर पाएपछि विवाह गरिहालौं भन्ने गलत सोचका कारण बालविवाह गराइरहेको बुद्धिजीवीको भनाइ छ ।

"नेपालको कानूनले २० वर्षभन्दा कम उमेरमा विवाह गर्न बन्देज गरेको भएपनि अझै बालविवाह हुँदै आएको छ", बुद्धिजीवी तथा दलित विकास मञ्च कल्याणपुर सिरहाका कार्यक्रम संयोजक सरिता महराले भन्नुभयो, "उमेर पुगेपछि छोरीलाई भने जस्तो केटा नपाइने, केटा पाइहाले पनि धेरै दहेज दिनुपर्ने त्रासका कारण सानै उमेरमा विवाह गर्ने प्रवृत्ति नै बनेको छ ।"

हामीले पछिल्लो केही वर्षदेखि गाउँगाउँ र विद्यालय विद्यालयमा पुगेर बालविवाहबाट हुने असर, त्यसले महिलामा पुग्ने कुप्रभावका विषयमा अभिभावक र बालबालिकाबीच सचेतीकरणका कारण बालविवाहमा न्यूनीकरण आएपनि अझै समाप्त अवस्था देखिएको छैन सरिताको कथन थियो ।

कोही जानी जानी र कोही नजाने छोराको विवाह गराउने प्रवृत्ति ह्वातै बढेपछि सिरहा प्रहरीले बालविवाह रोक्नका लागि अभियाननै चलाइएको छ । अभिभावलाई बालविवाह कानूनीरुपमा अपराध भएको र बालविवाह गराए कानूनी कारबाही हुने विषयमा जनचेतनामूलक कार्यक्रमसँगै बालविवाह रोक्ने अभियान चलाएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सामुदायचस्–प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत गाउँगाउँमा बालविवाह बारे अन्तरक्रियासँगै बालविवाह भइरहेको सूचना पाए तत्कालै रोकाउने गरेका छौं ।" यसबाट विगतको भन्दा बालविवाहमा कमी आउने उहाँको विश्वास छ ।

विगत एक महिनादेखि शुरु गरिएको बालविवाह विरुद्धको अभियानका क्रममा अहिलेसम्म सिरहामा हुनलागेको छ वटा बालविवाह रोकाइएको प्रहरी नायब उपरीक्षक घिमिरेको भनाइ छ । "विवाह गर्न केटाकेटीको उमेर २० वर्ष पुगेको हुनुपर्ने कानूनी व्यवस्था रहेपनि समाजमा अझै बालविवाह भइरहेको छ", अधिवक्ता डोमन साहले भन्नुभयो, "बालविवाह गर्ने, गराउने र विवाह सहभागी हुने सबैलाई कानूनीरुपमा दण्डित गर्ने व्यवस्था छ, तर जनचेतना नपुगेर बालविवाह भइरहेका छन् ।"

मुलुकी अपराध संहिता २०७४ को परिच्छेद-११ को दफा १७३ को १, २ र ३ मा बालविवाह गर्नु गराउनुहुँदैन, गराएमा त्यस्तो विवाह स्वतःबदर हुने र बालविवाहको कसुर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र रु ३० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था रहेको अधिवक्ता साहको भनाइ छ ।

स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

# जनमुखी वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## राजविराज ३,(हाल ४) सप्तरी

मिति : २०७६/११/१२

## कर्जा चुक्ता गर्न आउन बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

यस संस्थाका तपशिलमा उल्लेखित सदस्यहरुले संस्थाबाट उपभोग गरेको कर्जा चुक्ता फछर्योट गर्न पटक पटक मौखिक तथा लिखित रुपमा अनुरोध गर्दा समेत संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जाको साँवा,ब्याज, हर्जाना समेतको रकम चुक्ता फछर्योट नगरेको हुनाले यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितीले ३५ दिन भित्र सम्पुर्ण साँवा, ब्याज, हर्जाना समेतको रकम चुक्ता फछर्योट गर्न पुनः यसै सुचना द्वारा ऋणी सदस्यलाई सुचित गरिन्छ । अन्यथा ३६औं दिनदेखी ऋणी संगको कानुनी लिखत र सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले दिएको अख्तियार प्रयोग गरी लेखाईदिएको धितो जायजेथा लिलाम बिकी गरी संस्थाले लेना रकम असुल प्रक्रिया अगाडी बढाईने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

**धितो जायजेथा र ऋणिको विवरण**

| क्र.स. | ऋणिको नाम थरर तिन पुस्ते विवरण | ठेगाना | धितोको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | **श्री डोमनी देवी यादवनी**<br>पति :– बाबुजी यादव<br>बुवा :– छुतहरु यादव,<br>ससुरा :– असर्फी यादव | जिल्ला सप्तरी, साविक गा.वि.स. हरिहरपुर वडा नं. ३, हाल न.पा. राजबिराज वडा नं. १० | सि.नं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
| | | | १ | सप्तरी | अगाडी | ७ क | ८५६ | ०–२–० |
| | | | २ | सप्तरी | अगाडी | ७ क | ८ | ०–७–१० |
| | | | ३ | सप्तरी | अगाडी | ७ क | ६६० | ०–३–२ |
| | | | उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| २. | **मो. नाजिर हुसैन**<br>बुवा :– मो. जाकिर हुसैन<br>बाजे :– मो. किताबली हुसैन | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं.४ हाल ३ | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं. ४ हाल ३ स्थित किता नं.१४८० को क्षेत्रफल ०–० –४ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ३. | **मो. बदरुद्दीन अली**<br>बुवा :– अमानत मिया<br>बाजे :– कारि मिया | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं.२ हाल १ | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं. २ हाल १ चनौरा परिरयाको किता नं. २५१ को क्षेत्रफल ०–१–१ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ४. | **श्री प्रमोद यादव**<br>बुवा :– सुनर यादव<br>बाजे :– अनुप यादव | जिल्ला सप्तरी, साविक गा.वि.स. देउरी वडा नं.७ | सि.न. | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
| | | | १ | सप्तरी | देउरी | ७ | ७२ | ०–१–४ |
| | | | २ | सप्तरी | देउरी | ७ | ४७३ | ०–३–७.२५ |
| | | | ३ | सप्तरी | देउरी | ७ | ४७५ | ०–०–१५.७५ |
| | | | ४ | सप्तरी | देउरी | ७ | ४७९ | ०–२–१.७५ |
| | | | ५ | सप्तरी | देउरी | ८ | ८५५ | ०–०–६.७५ |
| | | | ६ | सप्तरी | देउरी | ८ | ४५७ | ०–१–१३.२५ |
| | | | ७ | सप्तरी | देउरी | ८ | ४६० | ०–३–१८ |
| | | | ८ | सप्तरी | देउरी | ७ | ७३ | ०–०–१६ |
| | | | उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ५. | **श्री सकुन्तला देवी चौधरी वैश्य**<br>श्रीमान् :– विन्देश्वरी चौधरी<br>ससुरा :–सुर्यवंशी चौधरी | जिल्ला सप्तरी, साविक गा.वि.स. विषहरिया वडा नं.४ | सि.न. | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
| | | | १ | सप्तरी | बिषहरिया | ४ क | १५ | ०–१–१५ |
| | | | २ | सप्तरी | बिषहरिया | ४ क | ५२ | ०–०–६ |
| | | | ३ | सप्तरी | बिषहरिया | ४ क | ६० | ०–०–९ |
| | | | ४ | सप्तरी | बिषहरिया | ४ क | ६३ | ०–०–९ |
| | | | ५ | सप्तरी | बिषहरिया | ८ ख | १०४ | ०–१–२ |
| | | | ६ | सप्तरी | बिषहरिया | ८ ख | १०६ | ०–३–१० |
| | | | उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ६. | **श्री राम प्रसाद खत्वे**<br>बुवा :– सोनाई खत्वे<br>बाजे :– टुराई खंग खत्वे | जिल्ला सप्तरी, साविक गा.वि.स. कोचाबखारी वडा नं.१ | जिल्ला सप्तरी, गा.वि.स. बरही विरपुर वडा नं. ५ ग किता नं. ५०७ को क्षेत्रफल ०–२–७ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |

# विश्व समाचार

## दक्षिण कोरियाका कोरोना फैलिने क्रम तीब्र, दुईको मृत्यु, ५५६ जना संक्रमित

सोल, ११ फागुन (रासस/एएफपी) ।

दक्षिण कोरियामा प्राणघातक कोरोना भाइरसको सङ्क्रमण तीब्ररुपमा फैलिएको पाइएको छ ।

केहीदिनदेखि सङ्क्रमितहरुको सङ्ख्या बढ्दै गएकोमा शनिबार थप १२३ जनामा सङ्क्रमण देखिएको छ । कोरियामा योसँगै कुल सङ्क्रमितको सङ्ख्या ५५६ पुगेको छ ।

त्यसैगरी मृत्यु हुनेको सङ्ख्यामा पनि दुई जना थपिएर चार जनाको मृत्यु भएको अधिकारीले जानकारी दिएका छन् ।

मृत्यु भएका चार जनामध्ये एक पुरुषको चेङ्दुस्थित अस्पतालमा मृत्यु भएको हो । देशको दक्षिणी क्षेत्रमा पर्ने सो सहरमा रहेको अस्पतालमा अरु १०० जना विरामी रहेका छन् ।

पछिल्लो समयमा भेटिएका सङ्क्रमितमध्ये ७५ जना अर्को दक्षिणी सहर डाएगुमा रहेको शिन्चेन्जी इसाई चर्चमा भेटिएका हुन् ।

कोरियाली प्रकोप नियन्त्रण तथा रोकथाम केन्द्रले दिएको जानकारीअनुसार चर्चमा सहभागी भएका मध्ये सयौँलाई कोरोना सङ्क्रमण भएको छ । चर्चमा पहिलो सङ्क्रमण यही फेब्रुअरी १० तारिखका दिन ६१ बर्षीया एक महिलामा देखिएको थियो । त्यही नै पछि फैलिँदै गएको अधिकारीले जनाएका छन् ।

कोरियाको डाएगु सहर देशकै चौथो ठूलो शहर मानिन्छ जहाँ २५ लाख मानिस बस्छन् ।

यसैबीच दक्षिण कोरियाली राष्ट्रपति मुन जाय-इनले कोरोना भाइरस नियन्त्रणका लागि देशभरी सबैभन्दा उच्च सतर्कता अपनाइएको बताउनु भएको छ ।

सङ्क्रमित हुनेको सङ्ख्या एकाएक अत्यधिक तीब्र गतिमा बढ्न थालेपछि सतर्कता बढाइएको उहाँले आइतबार जानकारी दिनुभयो ।

आगामी केही दिन सङ्क्रमणकालीन अवस्था रहने भएकाले नियन्त्रण तथा उपचारमा पर्याप्त ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

राष्ट्रपति मुनले भाइरस नियन्त्रणका लागि अपनाउनुपर्ने उपायका बारेमा छलफल तथा तयारी भइरहेको पनि जानकारी दिनुभयो ।

"सरकारले भाइरस नियन्त्रणका लागि पर्याप्त गृहकार्य र सतर्कता अपनाएको छ, ती सबै काम विज्ञको सुझावका आधारमा गरिएको छ," उहाँले भन्नुभयो ।

## टर्कीमा आएको भूकम्पमा परी सातको मृत्यु

स्तानबुल, ११ फागुन (रासस/एएफपी) ।

टर्कीमा आएको भूकम्पमा परी आइतबार कम्तीमा सात जनाको मृत्यु भएको छ ।

टर्कीका आन्तरिक मामिलामन्त्री सुलेमन सोयलुले दिएको जानकारीअनुसार मृत्यु भएका मध्ये तीन जना बालबालिका रहेका छन् ।

भूकम्पका कारण अरु पाँच जना घाइते भएको र उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको पनि उहाँले बताउनुभयो ।

उहाँले भूकम्पपछि भत्किएका भौतीक संरचनामा अरु केही व्यक्ति पुरिएको हुनसक्ने आशंका गरिएको पनि जानकारी दिनुभयो । पुरिएकाको खोजीकार्य भइरहेको पनि उहाँले बताउनुभयो ।

छिमेकी मुलुक इरानसँग सिमाना जोडिएको टर्कीको पूर्वीक्षेत्रमा पर्ने सराएलाई केन्द्रविन्दु बनाएर ५.७ म्याग्नीच्युडको भूकम्प गएको हो । अमेरिकी भौगर्भिक सर्भेले आइतबार बिहान भूकम्प गएको जनाएको छ ।

उक्त भूकम्प जमिनको सतहबाट १० किलोमिटर गहिराइमा गएको थियो ।

## काश्मिर सडक दुर्घटनामा नौ जनाको मृत्यु, पाँच घाइते

नयाँ दिल्ली, ११ फागुन (रासस/सिन्ह्वा) ।

भारतको नियन्त्रणमा रहेको काश्मिरमा शनिबार भएको बस दुर्घटनामा परी नौ जनाको मृत्यु भएको छ ।

भिरबाट खोंचमा झरेको यात्रुबाहक बसमा सवार अरु पाँच जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ ।

काश्मिरको कथौं जिल्लाको माल्हार क्षेत्रमा शनिबार बेलुका उक्त दुर्घटना भएको हो । घाइते तथा मृत्यु भएकामध्ये केही महिला र बालबालिका रहेका छन् ।

दुर्घटना भएको सवारी साधनमा १४ जना यात्रु रहेका थिए भने सवारी साधन तीव्र गतिमा रहेको प्रत्यक्षदर्शीले बताएका छन् । चालकले नियन्त्रण गुमाएर दुर्घटना भएको बताइएको छ ।

# म्याक्सेल बिजयी मोहत्सव मनायो




**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

राजविराजमा सम्पन्न अन्तर विद्यालय जिल्ला स्तरीय टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी हासिल गरेको म्याक्सेल बोडिङ स्कुलले आइतबार बिजयी मोहत्सव मनाएको छ ।

राजविराज नगरपालिका ३ सर्वोदय टोलको कल्टु पोखरीमा अवस्थत रहेको म्याक्सेल बोडिङ स्कुलले उपाधी पाएपछि खुशीमा बिद्यालय प्राङणमै बिजयता टिमलाई दोसाला, मेडल र प्रमाणपत्रसहित सम्मान गरिएको बिद्यालयका प्रिन्सीपल जागेश्वर यादवले जानकारी दिएका छन् ।

सो क्रममा क्रिकेट खेलमा बिशेष सहयोग गर्नुहुने सोही बिद्यालयका शिक्षक आशिष मण्डल र राससका पत्रकार अरुण कुमार यादवलाई समेतलाई दोसाला ओढाएर सम्मान गरिएको शिक्षक राजेश यादवले बताए ।

राजविराज नगरपालिका वडा नं. ३ का वडा सदस्य सोनी रजकको प्रमुख अतिथियमा आयोजित सम्मान कार्यक्रममा बिद्यालयमा पढाउने शिक्ष, क्षिक्षिकाहरुले समेतले बिजयी खेलाडीहरुलाई अबिर, फुलमाला लगाएर सम्मान गरेका थिए ।

राजविराजमा शनिबार सम्पन्न अन्तर विद्यालय जिल्ला स्तरीय टि-ट्वान्टी क्रीकेट प्रतियोगितामा म्याक्सेलले शिब्सलाई २६ रनले पराजित गरेको थियो ।

# हराएको र चोरी भएको मोवाइल प्रहरीले फेला पाऱ्यो

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले विभिन्न व्यक्तिहरुको हराएको मोवाइल फेला पारि आइतबार जिम्मा लगाएको छ ।

मोवाईल चोरी भएको र हराएपछि खोजतलाश गरि पाउ भनि निवेदन दिएको आधारमा प्रहरीद्वारा खोजतलाश गरि फेला पारी सम्बन्धित धनिलाई मोवाइल बुझाएको जनाएको छ ।

सप्तरीको महादेवा १ बस्ने मो. साबिर, रुपनी ५ बस्ने आस्मा कुमारी कुमाल र शम्भुनाथ ५ बस्ने प्रतिभा बिश्वकर्माको मोवाइकल प्रहरीले जिम्मा लगाएको हो ।

# गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा तिलाठी बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

सप्तरीको तिलाठि कोईलाडी गाउपालिकाको आयोजनामा आइतबारदेखी संचालित स्व. गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिता अन्र्तगतको उद्घाटन खेलमा तिलाठीले सकरपुरालाई १ बिकेटले पराजित गरेको छ ।

सप्तरी क्रिकेट संघको समन्वयमा मा.बि. कट्टीको खेल मैदानमा सम्पन्न उद्घाटन खेलमा सकरपुराले टस जिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा १९ ओभर ५ बलमा सम्पुर्ण बिकेट गुमाई ८७ रन बनाएको थियो । सकरपुराको लागि बिपुल सिंह १५ रन बाहेक कुनै खेलाडिले दोहोरो अंक छुन सकेका थिएन ।

यता बलिंङ तर्फ तिलाठीका चन्दन कुमार झाले ३ ओभर ५ बलमा १४ रन दिई महत्वपुर्ण ४ बिकेट लिएका थिए भने मिहिर मिश्राले २ तथा बिष्णु मण्डल, रोशन यादव र राजन मिश्राले सामान १ बिकेट लिएका थिए ।

८८ रनको झिनो लक्ष्य लिई मैदानमा ओलेको तिलाठी ९ विकेटको क्षतिमा सो लक्ष्य पाएको थियो । तिलाठीका रोशन यादवले उत्कृष्ट ब्याटिंग गर्दै २१ बलमा २ चौक्का र २ छक्काको मद्दतले ३१ रनको योगदान दिएका थिए भने मिहिर मिश्रा र आशिक मिश्राले क्रमश : १६ र १५ रनको योगदान दिएका थिए ।

यस्तै बलिंङ तर्फ सकरपुराका बिकास सिंहले ३ तथा अभिराम मण्डल र साकेत सिंहले सामान २ बिकेट तथा पवन मण्डलले १ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच तिलाठीका चन्दन झा घोषित भएका थिए ।

प्रतियोगिता अन्र्तगत सोमवार पहिलो खेल लौनिया र कोइलाडी बिच तथा दोश्रो खेल को. बर्साइन र मन्सापुर बिच हुने गाउँपालिकाका सूचना अधिकारी राजेश झाले जानकारी दिएका छन् ।

उक्त प्रतियोगितामा तिलाठी कोईलाडी गाउँपालिकाका ८ वटै वडाका टोलिहरु सहभागिता रहेको छ ।

## राजविराज नगरपालिका

........४ नं....... वडा कार्यालय

राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या ०७६।०७७
च.नं. २०९.

मिति: २०७६।११।११

श्री राजविराज नगरपालिका वडा नं. ४ वडा कार्यालयवाट प्रकाशित सुचना ।

उपरोक्त सम्बन्धमा यस राजविराज नगरपालिका ४ नं. वडा भित्र विभिन्न स्थानहरुमा सडक वाटो पी.सी.सी. ढलान नाला निर्माण तथा स्ल्याव बनाउने कार्यको लागि उपभोक्ता समिति गठन गर्नुपर्ने भएकोले तपशिल बमोजिम उल्लेख भएको मिति, समय र स्थानमा उपस्थित भई उपभोक्ता समिति गठन गर्ने कार्यमा सहयोग गरि दिन हुन समस्त वडा वासीहरुमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | कामको नाउ | गठन हुने मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | कपलेश्वर साहको घर देखि महेन्द्र साहको घर सम्म अधुरो पी.सी.सी ढलान । | २०७६/११/२१ | विहान ८ बजे | कपलेश्वर साहको अगाडी चौवाटोमा |
| २. | मस्जिद पछाडि अधुरो पी.सी.सी. ढलान । | २०७६/११/२२ | विहान ८ बजे | माला सहनीको घर अगाडि बाटोमा |
| ३. | रोशन अंसारीको घर देखि पूर्व बब्लुको घर सम्म नाला स्लाव निर्माण । | २०७६/११/२१ | दिनको २ बजे | बब्लुको घर अगाडिको बाटोमा |
| ४. | मस्जिदको रेलिङ्गको निर्माण । | २०७६/११/२२ | विहान ११ बजे | केन्द्र नं.-६, स्कुल अगाडि |
| ५. | कैलास रायको घर देखि अलाउदीनको घर सम्म पी.सी.सी. ढलान । | २०७६/११/२३ | विहान ८ बजे | केन्द्र नं.-६, स्कुल अगाडि |
| ६. | राजेश्वरी थापाको घर अगाडि पी.सी.सी. ढलान । | २०७६/११/२१ | विहान ११ बजे | राजेश्वरी थापा घर अगाडि |
| ७. | भरत साह ललन साहको घर पछाडिको वाटो मर्मत संभार । | २०७६/११/२३ | विहान ११ बजे | भरत साह घर पाछाडि |

मो. अखतर अली मियाँ
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-४

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि सुधार तथा व्यवस्थापन विभाग
## मालपोत कार्यालय
सप्तरी, राजविराज

**मिति :- २०७६/१०/२९**

## ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

............ दर्ता रहेको साविक ......... मौजा रै.नं.......... हाल तपसिल बमोजिम नापी भएको जग्गा **नामसारी** गरी प्रमाण-पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **काचन २, हाल बोदेबसाईन ८** बस्ने **श्री सिहिनीया देवी** को द.न. **११४०५** मिति **२०७६/०९/२०** मा निवेदन परी **३५** दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति **२०७६/१०/२६** मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नामसारी** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| काचन | २ | ३०७ | ०-२-१२ | कोस्कि माझी, बाबु : जोखन, बाजे : प्रजनित, निवेदक : सिघहिनिया देवी, पति : बुधकी चौधरी | |

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np